
खुला
बजेट
सर्वेक्षण
२०२५


# नेपाल

**खुला बजेट परिसुचकमा नेपालको अंक**




**पारदर्शिता**

**५२**/१००



**जनसहभागिता**

**२८**/१००



**बजेट निगरानी**

**५२**/१००

## अध्ययन बारे....

सरकारले के कस्ता कर लगाउने, के कस्ता सेवा प्रवाह गर्ने र राष्ट्र ऋण कति परिमाणमा उठाउने जस्ता निर्णयले समाजका सबै पक्षलाई प्रभाव पार्छ। सरकारले यस्ता निर्णय र प्रक्रियामा जनतालाई आवश्यक सूचना तथा सहभागिताका लागि अर्थपूर्ण विधि र माध्यम उपलब्ध गराए मात्र जनचाहना अनुसार सार्वजनिक स्रोतको खर्च सही तरिकाले हुने कुरा सुनिश्चित गर्न सकिन्छ।

खुला बजेट सर्वेक्षण केन्द्रीय सरकारका बजेटमा आम मानिसको सूचनाको पहुँचयोग्यता, बजेट प्रक्रियामा जनसहभागिताका लागि उपलब्ध औपचारिक अवसर तथा संसद र महालेखापरीक्षक जस्ता बजेट निगरानी निकायको भूमिकाको प्रभावकारिता मापनका लागि अन्तराष्ट्रिय रूपमा स्वीकार्य मापदण्डको प्रयोग गरेर गरिने विश्वको एक मात्र स्वतन्त्र, तुलनात्मक र तथ्यपरक अनुसन्धान पद्धति हो।

यस सर्वेक्षणले देखाएका नतिजाहरूले स्थानीय नागरिक समाजलाई सार्वजनिक स्रोतको उपयोग र बजेट प्रतिवेदनका आधारमा सरकारको मूल्याङ्कन र बहसका लागि सहयोग गर्दछ। खुला बजेट सर्वेक्षण २०२५, यो दसौँ संस्करणमा संसारका विभिन्न ८२ देश समेटिएका छन्

खुला बजेट सर्वेक्षणको विस्तृत अध्ययन पद्धति, २०२५ को विश्व र क्षेत्रीय प्रतिवेदनहरु, सबै देशको अध्ययनको निचोड तथा यस सम्बन्धी तथ्याङ्क खोजका लागि अन्तराष्ट्रिय बजेट साझेदारी (IBP) को वेभ लिङ्क https://internationalbudget.org/open-budget-survey उपयोग गर्नुहोस्।

International Budget Partnership


FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

## पारदर्शिता


खुला बजेट सर्वेक्षणको यो खण्डमा केन्द्रीय सरकारले गर्ने आम्दानी र खर्च सम्बन्धी सूचनाको उपलब्धता र पहुँचयोग्यताको लेखाजोखा गरिन्छ। यसमा प्रमुख आठ बजेट दस्तावेजको **अनलाइन माध्यममा उपलब्धता, समयवद्धता र सूचनाको व्यापकता**को पनि लेखाजोखा गरिन्छ। यसका लागि १०९ वटा समान अंकभारका सूचकको प्रयोग गरी ० देखि १०० को स्केलमा हरेक देशले प्राप्त गर्ने अङ्क निर्धारण गरिन्छ। पारदर्शिताको अङ्क ६१ व सो भन्दा बढी भएमा सम्बन्धित देशले बजेटको सन्दर्भमा सुसूचित सार्वजनिक बहसका लागि पर्याप्त सूचना सामग्री प्रकाशन गरिरहेको मानिन्छ।

नेपालको बजेट **पारदर्शिताको अंक १०० मा ५२** रहेको छ।

### बजेट पारदर्शितामा नेपालको तुलनात्मक अवस्था



## विभिन्न समयमा नेपालको खुला बजेटको प्राप्त अंकमा कस्तो परिवर्तन देखा परेको छ ?




## नेपालमा बजेट दस्तावेजको सार्वजनिक रुपमा उपलब्धता

| दस्तावेज | २०१५ | २०१७ | २०१९ | २०२१ | २०२३ | २०२५ |
|---|---|---|---|---|---|---|
| पूर्व बजेट विवरण (Pre-Budget Statement) | ⊘ | ⊘ | ⊘ | ⊘ | ⊘ | ⊘ |
| कार्यकारीको वजेट प्रस्ताव (Executive's Budget Proposal) | ○ | ● | ● | ● | ● | ● |
| अनुमोदित बजेट (Enacted Budget) | ● | ● | ● | ● | ● | ● |
| नागरिक बजेट (Citizen Budget) | ⊘ | ⊘ | ⊘ | ⊘ | ⊘ | ⊘ |
| आवधिक प्रतिवेदन (In year Report ) | ● | ● | ○ | ● | ● | ● |
| मध्यावधि समिक्षा (Mid-Year Review) | ● | ● | ● | ● | ● | ● |
| वार्षिक प्रतिवेदन (Year End Report) | ● | ● | ● | ○ | ● | ● |
| लेखापरीक्षण प्रतिवेदन (Audit Report) | ● | ● | ● | ● | ● | ● |

● आम नागरिकका लागि उपलब्ध
○ ढिलो तयार भएको, अनलाइनमा प्रकाशन नभएको वा आन्तरिक प्रयोजनका लागि मात्र तयार गरिएको
⊘ निर्माण नभएको

International Budget Partnership

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

# नेपालमा सर्वसाधारणका लागि उपलब्ध गराइने बजेट दस्तावेजका विषयबस्तु कतिको सूचनामुलक छन् ?

| प्रमूख बजेट दस्तावेज | दस्तावेजको उद्देश्य तथा विषयबस्तु | अध्ययनका लागि लिइएको बर्ष | दस्तावेजका विषयको प्राप्तांक |
|---|---|---|---|
| पूर्व बजेट विवरण (Pre-Budget Statement) | कार्यकारीको बजेट प्रस्ताव अघि नै सरकारको वित्त नीतिको मुख्य आयाम अग्रिम जानकारी दिनुका साथै सरकारको आर्थिक प्रक्षेपण, अपेक्षित आय, व्यय र ऋणको खाका प्रस्तुत गर्छ। | २०२४-२५ | निर्माण नभएको |
| कार्यकारीको वजेट प्रस्ताव (Executive's Budget Proposal) | यो कार्यकारीले अनुमोदनका लागि व्यवस्थापिकामा प्रस्तुत गर्ने दस्तावेज हो। राजस्वका स्रोतको विस्तृत विवरण, मन्त्रालयगत विनियोजन, प्रस्तावित नीतिगत परिवर्तन तथा राज्यको वित्तीय अवस्था बुझ्न आवश्यक उपयोगी जानकारी यसले उपलब्ध गराउँछ। | २०२४-२५ | ६० |
| अनुमोदित बजेट (Enacted Budget) | व्यवस्थापिकाबाट अनुमोदन भएको बजेट | २०२४-२५ | २८ |
| नागरिक बजेट (Citizen Budget) | जनतालाई बजेटका प्रमुख सूचना उपलब्ध गराउने उद्देश्यले तयार पाने सरकारको कार्यकारीको बजेट प्रस्ताव वा अनुमोदित बजेटको सरलीकृत वा कम प्राविधिक संस्करण | २०२४-२५ | निर्माण नभएको |
| आवधिक प्रतिवेदन (In year Report ) | यो आर्थिक वर्षभित्रको निश्चित अवधि विभिन्न समयको अन्तरालमा सङ्कलित यथार्थ राजश्व, व्यय तथा तिर्न बाँकी ऋण सम्बन्धी सूचना समेटिएको दस्तावेज हो। यो त्रैमासिक वा मासिक रूपमा प्रकाशन गरिन्छ। | २०२४-२५ | ६७ |
| मध्यावधि समिक्षा (Mid-Year Review) | यो आर्थिक वर्षको मध्यसम्म बजेट कार्यान्वयनको अवस्था प्रस्तुत गर्ने सूचनामूलक दस्तावेज हो। यसले आर्थिक पुर्वानुमानहरूको समीक्षा गरी बजेटका उपलब्धीको अद्यावधिक प्रक्षेपण प्रस्तुत गर्छ। | २०२३-२४ | ६३ |
| वार्षिक प्रतिवेदन (Year End Report) | यसले आर्थिक वर्षको अन्तमा सरकारी लेखाको स्थितिको व्याख्या गर्छ। साँचो अर्थमा यो बजेटको नीतिगत लक्ष्य हासिल गर्नमा भएको प्रगतिको मूल्याङ्कन हो। | २०२२-२३ | ४८ |
| लेखापरीक्षण प्रतिवेदन (Audit Report) | सर्वोच्च लेखापरीक्षण निकायबाट जारी गरिने यो दस्तावेजले सरकारको बर्षान्तका लेखा प्रतिवेदनको विश्वसनीयता र पूर्णताको परीक्षण गर्छ। | २०२२-२३ | ६२ |

संकेत

● ६१-१००/१००    ▲ ४१-६०/१००    ■ ०-४०/१००

नेपालको २०२५ खुला बजेट सर्वेक्षणको पारदर्शिता सूचांक **५२** अघिल्लो अर्थात २०२३ को भन्दा उच्च हो।

## सुझावहरू


नेपालले बजेट पारदर्शिताको अवस्था सुधारका लागि निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ।

- पूर्व बजेट अभ्यासलाई संस्थागत गरी कम्तीमा वैशाख १५ अगावै सार्वजनिक बहसमा ल्याउने र नागरिक बजेट निर्माण गरी समयबद्ध रूपमा अनलाइनबाट सार्वजनिक गर्ने।
- खर्च तथा राजस्व प्रक्षेपण तथा दीर्घकालीन वित्तीय दिगोपनाको तथ्याङ्कहरूको साथै विश्लेषण विवरणलाई थप सुदृढ बनाउँदै कार्यकारीको बजेट प्रस्तावमा बहु-वर्षीय प्रक्षेपणहरू (BY+2 अनुमानसहित) र समष्टिगत आर्थिक पूर्वानुमान तथ्याङ्कहरू समावेश गर्ने।
- बजेट साक्षरता अभिवृद्धिका लागि कार्यकारीको बजेट प्रस्तावसँगै बजेटमा प्रयोग गरिने शब्दावलीको सरल अर्थ र व्याख्या प्रकाशन गर्ने।
- सार्वजनिक ऋणको अवस्था र साँवा-ब्याज भुक्तानीको विवरण, खर्चको बाँडफाँट, राजस्व (कर र गैर-कर) विवरण र आयका अन्य स्रोतहरूको सार्वजनिक विस्तृत विवरण थप सुदृढ गर्ने।
- वार्षिक प्रतिवेदनमा बजेट बाहिरको कोष (extra-budgetary funds) को अपेक्षित र यथार्थ उपलब्धि बिचको तुलनात्मक विवरण, वित्तीय विवरण, आर्थिक पूर्वानुमान र यथार्थ उपलब्धि बिचको तुलनात्मक विवरण, तथा अति विपन्न वर्गलाई लक्षित नीतिहरूका लागि विनियोजित र खर्च भएको वास्तविक रकमको विवरणलाई समावेश गर्दै अपेक्षित र यथार्थ उपलब्धीको गैर वित्तीय (nonfinancial) तथ्याङ्कसहितको तुलनात्मक विवरण, ऋण तथा अनुदानको अनुमानित र वास्तविक परिणाम र बृहत् अर्थशास्त्र (macroeconomic) को अपेक्षित र यथार्थ उपलब्धीहरु बिचका तुलनात्मक विवरण सहितको कार्य सम्पादन सम्बन्धी जानकारी समावेश गर्ने।
- लेखापरीक्षण प्रतिवेदनमा बजेट बाहिरको कोषका जानकारीहरू, बेरुजु फछ्र्यौट र गत वर्षका लेखापरीक्षण प्रतिवेदनका सुझावहरू कार्यान्वयन गर्न कार्यकारीले गरेका कामहरूको जानकारी समावेश गर्ने।

# जनसहभागिता

खुला बजेट सर्वेक्षणले बजेट प्रक्रियाका विभिन्न चरणमा अर्थपूर्ण जनसहभागिताका लागि उपलब्ध औपचारिक अवसरहरुको अध्ययन गर्छ। केन्द्रीय सरकारको कार्यकारी, व्यवस्थापिका र सर्वोच्च लेखापरीक्षण निकायकाले अवलम्बन गरेका अभ्यासको लेखाजोखा गर्न विभिन्न १८ वटा समान अङ्क भारका सूचकको प्रयोग गरिन्छ। यी सूचकहरू वित्तीय पारदर्शिताका लागि विश्वव्यापी प्रयास (गिफ्ट) ले तय गरेका वित्तीय नीतिमा जनसहभागिता सम्बन्धी सिद्धान्त अनुकूल तयार गरिएका छन्। हरेक देशको बजेट प्रक्रियामा जनसहभागिताको स्तर ० देखि १०० को स्केलमा मापन गरिन्छ।

नेपालले जन सहभागितामा १०० मध्ये **२८** अंक प्राप्त गरेको छ।





जन सहभागिताका विश्वका नविन अभ्यासबारे थप जानकारीका लागि तल उल्लेखीत लिंकको उपयोग गर्नुहोस्।
https://fiscaltransparency.net/case-studies/

International Budget Partnership

FREEDOM FORUM "A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

## नेपालमा बजेट प्रक्रियामा जनसहभागिताको अवसरको उपलब्धता




## सुभावहरू

नेपालमा अर्थ मन्त्रालयले बजेट तर्जुमाको क्रममा पूर्व बजेट परामर्शको सीमित अभ्यास गर्ने गरेको छ भने बजेट कार्यान्वयनका क्रममा अनलाइन परामर्शको सीमित अभ्यास पनि गर्ने गरेको गरेको छ। यसका बाबजुद बजेट प्रक्रियामा जनसहभागितालाई थप सवलीकृत गर्न निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ।

- सङ्घीय पूर्व–बजेटको सरोकारवालाहरूसँगको परामर्शको अभ्यासलाई प्रादेशिक तहमा समेत लगेर निरन्तरता दिने र यसको प्रतिवेदन अर्थ मन्त्रालय र संसदमा पेश गर्ने। साथै, अर्थ मन्त्रालय र राजस्व परामर्श समितिले पूर्व बजेट छलफलका कममा प्राप्त सुझावहरू र जानकारीहरू बजेट नीतिहरू सुधार गर्न कसरी प्रयोग गरियो भन्ने नागरिकलाई सूचित गर्ने।
- नेपाल सरकारले तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (२०८२–२०८७) सार्वजनिक गरेको छ। अर्थ मन्त्रालयले **समावेशिता र सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक संलग्नता सम्बन्धी राष्ट्रिय रणनीति**को मर्म अनुरूप तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको सफल कार्यान्वयनमा विशेष जोड दिने।
- सीमान्तकृत, अति विपन्न तथा प्रतिनिधित्व छुटेका समुदायसँग उनीहरू स्वयं वा उनीहरूलाई प्रतिनिधित्व गर्ने नागरिक संस्था मार्फत सक्रिय रूपमा संलग्न हुने।

नेपालको संसदले वार्षिक बजेट अनुमोदन गर्नु अगाडि संसदीय बैठकहरूमा छलफलको पद्धति बसालेको छ तर त्यसबाहेक निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ।


- संसदीय छलफलका आधारमा प्राप्त सुझावहरुलाई समेटी कार्यकारी बजेटमा सुधार गरेर मात्र बजेट पारित गर्ने पद्धतिका लागि नीतिगत सुधार गर्ने।
- कार्यकारीको बजेट प्रस्ताव पारित गर्नु अघि हुने संसदीय सुनुवाइमा जनअभिमत बुझ्ने प्रयोजनका लागि सर्वसाधारण तथा नागरिक सङ्घ संस्थाका प्रतिनिधिलाई प्रक्रियामा सहभागिताको अवसर उपलब्ध गराउने।
- समुदायका वा नागरिक सङ्घ संस्थाका प्रतिनिधिलाई लेखापरीक्षण प्रतिवेदन माथि हुने छलफलमा सहभागिताको अवसर दिने।

# बजेट निगरानी

खुला बजेट सर्वेक्षणले संसद र सर्वोच्च लेखापरीक्षण निकायले बजेट प्रक्रियामा निर्वाह गर्ने भूमिका तथा ती निकाबाट हुने बजेटको निगरानीको स्तर अध्ययन गर्छ। १८ वटा समान अंकभार भएका सूचकका आधारमा हरेक देशले प्राप्त गर्ने अङ्क ० देखि १०० सम्मको स्केलमा मापन गरिन्छ। यस अतिरिक्त सर्वेक्षणमा स्वतन्त्र वित्तीय निकायबाट पूरक सूचना पनि सङ्कलन गरिन्छ (बक्समा हेर्नुहोस्)।


नेपालमा संसद्को प्रतिनिधिसभाका सार्वजनिक लेखा समिति अर्थ समिति लगायतका निकाय र सर्वोच्च लेखापरीक्षण निकाय महालेखापरीक्षकको कार्यालयले संयुक्त रूपमा बजेट प्रक्रियाको सीमित निगरानी गर्छन्। यी दुई निकायको संयुक्त बजेट निगरानी मापनमा प्राप्ताङ्क **१०० मा ५२** रहेको छ। फरक फरक रूपमा हेर्दा यी निकायको बजेट निगरानीको स्तर निम्नानुसार छ।

**संसदीय निगरानी**




**कमजोर निगरानी**

**लेखापरीक्षण निगरानी**




**पर्याप्त निगरानी**

संकेत: ६१-१०० पर्याप्त; ४१-६० सिमित; ०-४० थोरै

## सुभावहरू

नेपालमा बजेट चक्र अन्तर्गत बजेट योजना र बजेट कार्यान्वयन प्रक्रियामा सङ्घीय संसदको निगरानी कमजोर छ। निगरानी सुधारका लागि निम्न कार्यलाई प्राथमिकतामा राखिनुपर्छ।

- संसदीय समितिहरूले कार्यकारीको प्रस्तावित बजेट अध्ययन गरी आफ्नो विश्लेषण सहितको प्रतिवेदन अनलाइन माध्यमबाट सार्वजनिकीकरण गर्ने ।
- संसदीय समितिले बजेट कार्यान्वयन चालु रहेको अवस्थामा बजेट कार्यान्वयनको अध्ययन गरी आफ्नो ठम्याई सहितको प्रतिवेदन अनलाइन माध्यमबाट सार्वजनिकिकरण गर्ने।

- सार्वजनिक लेखा समिति जस्ता संसदीय समितिहरूले ऋणको जवाफदेहिता निगरानी गर्न तथा सबै अन्तर–बजेट वित्तीय हस्तान्तरणहरूमा पारदर्शिता सुनिश्चित गर्न थप सक्रिय भूमिका अपनाउनु पर्ने ।
- बजेट कार्यान्वयन अवधिमा स्वीकृत बजेटमा उल्लेखित स्रोत एउटा प्रशासनिक इकाईबाट अर्को प्रशासनिक इकाईमा सार्नु वा राजस्व घटेको कारणले खर्च घटाउने निर्णय गर्नु अघि संसदीय परामर्श र स्वीकृतिको अभ्यास सुनिश्चित गर्ने।
- सार्वजनिक लेखा समितिले महालेखा परीक्षकको नियमित प्रतिवेदन अध्ययन गरी त्यसको निचोड सहितको प्रतिवेदन हरेक वर्ष अनलाइन माध्यमबाट सार्वजनिक गर्ने । यो प्रतिवेदन माथिको छलफल सम्बन्धित वर्षभित्र नै टुङ्ग्याउन प्रयत्न गर्ने।
- महालेखाको प्रतिवेदनमा औँल्याइएका सुझावहरूको शीघ्र कार्यान्वयन र समाधानलाई केन्द्रमा राखेर सार्वजनिक लेखा समिति लगायतका समितिहरूले नागरिक सहभागिता सहित व्यवस्थापकीय सुपरिवेक्षणको भूमिकालाई अझ प्रभावकारी र सशक्त बनाउने।

आफ्नो स्वायत्तता बढाउन तथा लेखापरीक्षण निगरानी अभिवृद्धि गर्न महालेखापरीक्षक कार्यालयलाई निम्न कार्य सुभाइएको छ।

- लेखापरीक्षण प्रक्रियाहरूमा नागरिक सहभागिताको अभ्यासलाई विस्तार गर्ने । सूचनाको हक ऐनमा उल्लेख गरिए अनुसार सूचनाको स्वतः सार्वजनिकरण (Pro Active Disclosure) प्रक्रियालाई कार्यसम्पादन लेखापरीक्षणको एक सूचक मान्ने।
- लेखापरीक्षणमा नागरिक संलग्नताको अवसरलाई संस्थागत रुपमा विस्तार गर्दै यस्ता नागरिक संस्थाहरूको क्षमता विकास तथा सहभागितालाई लेखापरीक्षण प्रतिवेदनका सिफारिसहरूको अनुगमनमा पनि समावेश गर्ने व्यवस्था लेखापरीक्षण निर्देशिकामा समावेश गर्ने ।

**स्वतन्त्र वित्तीय निकाय स्थापनाको नवीन अभ्यास**

स्वतन्त्र वित्तीय निकाय स्थापनाको नवीन अभ्यास नेपालमा स्वतन्त्र वित्तीय अनुसन्धान निकाय छैन। यस्तो निकायलाई बजेट प्रक्रियामा कार्यपालिका र व्यवस्थापिका लागि स्वतन्त्र र निष्पक्ष सूचना उपलब्ध गराउने स्रोत संस्थाका रुपमा मान्यता दिने कम बढ्दो। साथै संसदीय बजेट अफिस स्थापना गरी सांसदहरूलाई बजेट सूचना र विश्लेषणमा प्राविधिक क्षमता प्रदान गर्ने प्रचलन पनि बढ्दो छ।

**खुला बजेट सर्वेक्षणमा अङ्क निर्धारणको सूचकका रुपमा भने यसलाई समावेश गरिएको छैन।**

# अध्ययन विधि

सन् २०२४ डिसेम्बर ३१ सम्म प्रकाशित दस्तावेज, कार्यक्रम, गतिविधि वा विकास मात्र खुला बजेट सर्वेक्षण २०२५ को क्रममा अध्ययन गरिएको छ।

सर्वेक्षण हरेक देशका स्वतन्त्र बजेट विशेषज्ञले तयार गरेको सर्वेक्षण प्रश्नावलीमा आधारित छ।

नेपालका लागि फ्रिडम फोरमका तारानाथ दाहाल र सुबास दाहाल यसमा संलग्न थिए।

**अध्ययनमा संलग्न संस्थाको जानकारी :–**

फ्रिडम फोरम
थापाथली, काठमाडौं

https://www.freedomforum.org.np/
info@freedomforum.org.np & freedomforum2005@gmail.com